कलैया उपमहानगरपालिकाद्धारा प्रकाशित

# कलैया राजपत्र

खण्ड १ संख्याः ४ मितिः २०७५/१२/३०

**भाग-१**

**कलैया उपमहानगरपालिका**

**वारा, प्रदेश नं.२, नेपाल**

## प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कलैया उप-महानगरपालिकाको मिति २०७५।१२।२९ गतेको तेस्रो नगर सभाले स्वीकृत गरि यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम " **कलैया उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५**" रहेको छ ।

(२) यो ऐन  राजपत्रमा प्रकाशन भए पछी कलैया उप-महानगरपालिका क्षेत्रभित्र तुरुन्त

लागु

हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले कलैया उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले कलैया उपमहानगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले कलैया उपमहानगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उपमहानगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही कलैया उप-महानगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

प्रमाणीकरण मिति : २०७५/१२/२९

आज्ञाले,

हरि नारायण बेल्वासे

प्रमुख प्रशासकीय अधिकृत